

के तपाईंको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २७४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज २८ गते आइतबार ❑ 15 Oct. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गठबन्धनले कोशीका मुख्यमन्त्रीलाई विश्वासको मत दिने

**रासस**
चितवन, २७ असोज

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीलाई गठबन्धनले विश्वासको मत दिने वताउनुभएको छ। भरतपुर विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले कोशीका मुख्यमन्त्री गठबन्धनका पनि मुख्यमन्त्री भएको बताउनुभयो।

प्रधानमन्त्रीले भन्नुभयो "कोशीको समस्या समाधान गरिएको छ । अन्ततः यसले गठबन्धनलाई बलियो बनाउनेछ," शनिबार बिहान नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवा, सोही पार्टीका अर्का नेता डा शेखर कोइराला र आफूबीच सहमति भएको जानकारी दिँदै प्रधानमन्त्री दाहालले भन्नुभयो, "हामी गठबन्धनलाई कुनै पनि हालतमा कमजोर हुन दिने छैनौँ । अब कार्कीजी मुख्यमन्त्री हुनुभएको छ । उहाँ हामी सबैको साझा मुख्यमन्त्री हो ।" हाम्रो गठबन्धन कायम रहने भन्दै उहाँले गठबन्धनकै उम्मेदवारका रूपमा नेता कार्कीलाई लिइएको दोहोऱ्याउनुभयो।

अर्को एक प्रश्नमा प्रधानमन्त्रीले कोशी प्रदेशमा सर्वपक्षीय सरकार बन्ने सम्भावना तत्काल नरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "सम्भावना हुन सक्छ। तर अहिले नै हुन्छ भन्न सकिँदैन। गठबन्धनकै सरकारले त्यहाँ निरन्तरता पाउनेछ।"

अर्थतन्त्रमा समस्या परेको स्वीकार गर्दै प्रधानमन्त्रीले यसलाई समाधान गर्न सरकार लागिपरेको बताउनुभयो। उहाँले भन्नुभयो, "अहिले अर्थतन्त्रमा धेरै दबाब परेको छ । यसका धेरै कारण छन् । विगतदेखिका समस्या छन् ।" प्रधानमन्त्रीले आफ्नो नेतृत्वमा सरकार गठन भएसँगै अर्थतन्त्रलाई बिग्रन नदिन हरसम्भव प्रयास गरिरहेको बताउनुभयो । उहाँले भन्नुभयो, "यी प्रयास पर्याप्त छैनन्। देशको अर्थतन्त्रलाई उकास्न विशेष प्रयास जरुरी छ।" एक पृथक प्रसङ्गमा प्रधानमन्त्रीले निर्माण व्यवसायीले सम्पन्न गरेका परियोजनाको भुक्तानी दिने निर्णय सरकारले गरिसकेको बताउनुभयो। निर्माण व्यवसायीलाई गरिएको भुक्तानीले मात्र समस्याको समाधान नहुने भन्दै उहाँले समग्रमा 'मेजर अप्रेसन' गर्न छुट्टै संरचना खडा गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "बजेट वक्तव्य र नीति तथा कार्यक्रममा छलफल भइरहँदा देशको आर्थिक विकासको प्रारुपलाई नै नयाँ ढङ्गले विकास गर्न जरुरी छ। यो वर्ष हामीले भ्याएनौँ। अर्को वर्ष बजेट बनाउने क्रममा नयाँ शिराबाट जान्छौँ।"

## चिकित्सक कुटपिट गर्ने दुईजना कारागार चलान

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

तीन साताअघि पोखराको मणिपाल शिक्षण अस्पतालका चिकित्सकमाथि कुटपिट गर्ने र अस्पताल तोडफोड गर्ने दुई जना कारागार चलान भएका छन्। उक्त घटनामा संलग्न सातजना जनही रु एक लाख धरौटी बुझाएर तारेखमा रिहा भएका छन्।

प्रहरीले पक्राउ परेकालाई स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी ऐन, २०६६ अन्तर्गत हातपात, तालाबन्दी तथा तोडफोडजस्ता कार्य गर्न नहुने कसुरमा अनुसन्धान प्रकृया अगाडि बढाएको थियो । प्रहरीले अनुसन्धान प्रतिवेदन सरकारी वकिल कार्यालयमार्फत अदालत पेश हुँदा कास्की जिल्ला अदालतबाट उनीहरूलाई कारबाहीको फैसला गरिएको हो । कारागार चलान हुनेमा पोखरा महानगरपालिका-१७ हनुमान टोलका सुशील कार्की र पोखरा-५ का विनय गुरुङ रहेको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ।

यसैगरी घटनामा संलग्न पोखरा-४ का सुजित मुल्मी, पोखरा-५ का अभिनास गुरुङ, अरुण गुरुङ, पोखरा-९ का नितेश गुरुङ, विवेक गुरुङ र पोखरा-२० का मनिष थापा र पोखरा-११ प्रदीप गुरुङ जनही रु एक लाख धरौटी राखी तारेखमा छुटेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक श्रवणकुमार विकले जानकारी दिनुभयो। उहाँका अनुसार अझै पहिचान खुलेका १० जना र पहिचान नखुलेका अन्य व्यक्ति फरार रहेकाले खोजी भइरहेको छ। यही असोज ८ गते लमजुङ सुन्दरबजार नगरपालिका-६ की ५७ वर्षीया सुकमाया दुराको अस्पतालमा उपचारका क्रममा निधन भएपछि पोखरा महानगरपालिका-११ फूलबारीस्थित मणिपाल शिक्षण अस्पतालका चिकित्सकलाई मृतकका आफन्तले कुटपिट गरेका थिए। बिरामीको मृत्युपछि उपचारमा डाक्टरको लापर्बाहीको कारण बिरामीको मृत्यु भएको र मृत्युको कारण खुलाउनुपर्ने माग राखी आन्दोलित भई उपचारमा संलग्न चिकित्सकलाई कुटपिट गरेका थिए। अस्पताल तोडफोड गरेपछि कास्की प्रहरीले नौ जनालाई पक्राउ गरी अनुसन्धान सुरु गरेको थियो । पोखराको मणिपालका अस्पतालको घटनालाई लिएर कास्कीसहित देशभरका चिकित्सकले आकस्मिकबाहेकको सेवा बन्द गरी आन्दोलनमा उत्रिएका थिए । सरकारले चिकित्सक कुटपिट गर्नेलाई पक्राउ गरी कानुनी कारबाहीको प्रतिबद्धता जनाएपछि चिकित्सक काममा फर्किएका थिए।

## अन्नपूर्ण पदमार्गमा पर्यटकको चहलपहल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

चक्रीय अन्नपूर्ण पदमार्गमा यतिबेला पर्यटकको चहलपहल बढ्न थालेको छ । केही समयअघिसम्म सुनसान रहेको यस पदमार्गमा यतिबेला पर्यटकीय याम सुरु भएसँगै पर्यटकको चहलपहल बढेको हो।

यतिबेला दैनिक दुई सयभन्दा बढी विदेशी पर्यटकको आगमन भइरहेको मनाङ धारापानीस्थित अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) पर्यटक जाँच तथा सूचना केन्द्रका इञ्चार्ज भूपेन्द्र गुरुङले बताउनभुयो । उहाँका अनुसार तिहारको बीचमा अझै पर्यटक बढ्दै जानेछन् । यस पदमार्गमा पर्ने मर्स्याङ्दी गाउँपालिका-४ का पर्यटन व्यवसायी पञ्चबहादुर गुरुङले भन्नुभयो, "पर्यटकको आगमन ठप्प भएसँगै फुर्सदिला बनेका हामी यतिबेला पर्यटक आगमन बढ्न थालेसँगै उनीहरूका लागि व्यस्त भइरहरेका छौँ ।" पदमार्गमा पर्यटकको चहलपहल बढेसँगै आफू मात्र नभई यस क्षेत्रमा रहेका पर्यटन व्यवसायी हर्षित भएको उहाँको भनाइ छ। पर्यटक नआउँदा आम्दानी शून्य जस्तै भए पनि यतिबेला दैनिक रु ३० देखि ४० हजारसम्म कमाइ हुने गरेको उहाँले सुनाउनुभयो।

त्यस्तै अर्का पर्यटन व्यवसायी मेखबहादुर गुरुङका अनुसार पर्यटक बढेसँगै आम्दानीसमेत वृद्धि हुँदै गइरहेको छ । यतिबेला पर्यटक आगमन बढ्दा दैनिक रु ३०/३५ हजारसम्म आम्दानी हुने गरेको उहाँको भनाइ छ। बर्खा लागेसँगै पदमार्गमा आउने पर्यटकलाई समस्या हुनाले पर्यटक यसअघिसम्म आएका थिएनन् । यस पदमार्ग आसपासमा सयौँ सङ्ख्यामा होटल व्यवसाय सञ्चालनमा रहेका छन्।

अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङ बैँसीसहर नगरपालिका-७ मनाङको चौतारा हो । यस पदमार्गमा लमजुङ, मनाङ, कास्की, मुस्ताङ र म्याग्दी गरी पाँच जिल्ला जोडिएका छन् । विदेशी पर्यटक हिमाल र पहाडका दृश्य, उच्च पहाड, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता हेर्न र मनाङबाट थोराङ भञ्ज्याङ उक्लेर मुस्ताङ हुँदै पोखरा जान अन्नपूर्ण पदमार्गमा आउँछन्।

मनाङका विभिन्न हिमाल एवं चुली चढ्न तथा हेर्न पर्यटक भित्रिन्छन् । सन् २०२३ सुरु भएयता हालसम्म १४ हजार दुई सय १४ पर्यटक यस पदमार्गमा आएका छन् । सो पदमार्गमा सबैभन्दा बढी इजरायल, फ्रान्स, जर्मनीलगायतका देशका नागरिक आएको उक्त केन्द्रले जनाएको छ। केन्द्रका अनुसार यतिबेला दैनिक विदेशीभन्दा आन्तरिक पर्यटक बढी आउने गरे पनि यकीन तथ्याङ्क भने छैन। यस पदमार्गमा विदेशी र आन्तरिकको भरिभराउले व्यवसायी उत्साहित बन्न थालेका छन्।

## विकासका लागि सरकार र निजी क्षेत्रबीच सहकार्य जरुरी : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पर्वत, २७ असोज

गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्र पाण्डेले मुलुकको विकासका लागि निजी क्षेत्रलाई प्रोत्साहित गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको छ।

अन्तर्राष्ट्रिय पर्वत समाजको चौथो महाधिवेशनको शनिबारजलजलामा उद्घाटन गर्दै मुख्यमन्त्री पाण्डेले मुलुकको विकासका लागि निजी क्षेत्र र सरकारबीच सहकार्य जरुरी रहेको बताउनुभयो। उहाँले मुलुकमा


बाँकी अन्तिम पृष्ठमा ▶▶



चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।

चाडपर्वमा फजुल खर्च नगरौं।

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।

मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड





# पोखरामा खुला फुटसल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज




राजन एण्ड द ब्रदर्शको आयोजनामा पोखरामा शनिबार देखि नेपालकै सर्वाधिक राशीको 'दोस्रो राष्ट्रिय खुला फुटसल प्रतियोगिता' सुरु भएको छ । पोखरा रंगशालाको कभर्ड हलमा शनिबार देखि सुरु भएको उक्त प्रतियोगिताको उद्घाटन खेलमा सविन मेमोरियल फुटवल क्लवले विजयी सुरुवात गरेको छ ।

उद्घाटन खेलमा सविन मेमोरियलले बाँफा पाटन फुटवल क्लव (बी–थर्टीन) लाई २–१ को गोल अन्तरले पराजित गरेको हो । सविनको जितमा अंकित गुरुङ र अविनास तामाङले एक एक गोलको योगदान दिनु भयो । पहिलो हापको अन्तिम समय तर्फ खेलको पहिलो गोल गरेका बी–थर्टीनका श्रीकृष्ण श्रेष्ठको खुसि केही वेर मात्र रह्यो । दोश्रो हापको खेलमा सम्मालिन नसक्दा बी–थर्टीन खेलमा पहिलो गोल गरे पनि अन्ततः पहिलो खेलबाट पराजित हुनु पर्‍यो । दोश्रो खेलमा शिशुवा भद्रकालि फुटवल क्लवले ड्रिमर्च फुटवल क्लवलाई ६–३ को गोल अन्तरले पराजित गरेको हो । शिशुवाको जितमा यूनिक तामाङले ह्याट्रिक, प्रविन गुरुङ, मनिल गुरुङ र प्रनिस गुरुङले एक एक गोलको योगदान दिनु भयो । ड्रिमर्चका धिरज मगर, प्रज्ज्वल शाही र सुरज गुरुङले एक एक गोल गरे । भोलि (आइतबार) बिहान ८:०० बजेदेखि खेल सुरु हुने भएको छ भने आइतबार ५ खेल हुने भएको छ । यसैबिच उक्त प्रतियोगिताको शनिबार उद्घाटन गर्दै अखिल नेपाल फुटवल संघ (एन्फा) का निवर्तमान अध्यक्ष कर्मा छिरिङ शेर्पाले फुटसल र फुटवल खेलको विकासमा यस्ता प्रतियोगिताले सहयोग पुग्ने बताउनु भयो । यस्ता प्रतियोगितालाई निरन्तरता दिन आवश्यक सहयोग जुटाउन कर्पोरेट सहित विभिन्न दातासंगको खोजी कार्यमा सहयोग गर्ने वचन दिनु भयो ।

उद्घघाटन सत्रमा एन्फा गण्डकी प्रदेशका उपाध्यक्ष मिलन गुरुङ, नेपाल सेभेन ए साइड फुटवल महासंघका अध्यक्ष नविन पुन, नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका अध्यक्ष दीननाथ बराल लगायतको सहभागिता रहेको थियो । यही असोज ३० गतेसम्म चल्ने प्रतियोगितामा १४ टिमको सहभागिता रहेको आयोजक संस्थाका अध्यक्ष राजन गुरुङले बताउनु भयो । उहाँले भन्नु भयो "पहिलो संस्करण कोभिडको समय भएकाले 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारा सहित आयोजना गरेका थियौं, आयोजकबाट खेलेका खेलाडीहरु राष्ट्रिय टिममा परेपछि दोस्रो संस्करणमा पुरस्कार राशी वृद्धि गरेका हौं । "

प्रतियोगिताका बिजेतालाई ५ लाख, उपविजेतालाई ३ लाख रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिने भएको प्रतियोगिता संयोजक आशिष क्षेत्रीले बताउनु भयो । पहिलो संस्करणमा विजेतालाई ३ लाख रुपैयाँ पुरस्कार राखिएको थियो ।

विधागततर्फ प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडीलाई जनही १० हजार रुपैयाँ प्राप्त गर्नेछ भने उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले जनही २५/२५ हजार रुपैयाँबाट पुरस्कृत गरिने भएको छ ।

# भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दल र नागरिक समाजको भूमिका विषयक गोष्ठी सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज



भ्रष्टाचार विरुद्धको नागरिक निगरानी संस्था, कास्कीको आयोजनामा "भ्रष्टाचार नियन्त्रणमा राजनीतिक दल र नागरिक समाजको भूमिका" विषयक गोष्ठी सम्पन्न भएको छ ।

उक्त कार्यक्रम २०८० आश्विन २७ गतेका दिन संस्थाका अध्यक्ष डोलराज पाण्डेको सभापतित्वमा सृजना सेकेण्डरी स्कुलको सभाहलमा सम्पन्न भएको हो । कार्यक्रमको उद्घाटन कक्षा तीनमा पढ्ने सानी नानी पिन्सि ढकालले गरेकी थिइन् भने संस्थाका अध्यक्ष पाण्डेले स्वागत तथा कार्यक्रमको औचित्यमाथि प्रकाश पारेका थिए । कार्यक्रममा संस्थाका निर्वतमान अध्यक्ष एवम् वरिष्ठ अधिवक्ता तिलक पराजुलीले "हाम्रा राजनीतिक दल र भ्रष्टाचार" विषयक कार्यपत्र प्रस्तुत गरेका थिए । उक्त कार्यपत्रमा उनले हाम्रो राज्य-शासनमा राजनीतिक दलको महत्त्व, राजनीतिक दलमा भ्रष्टाचार मौलाउनुका कारण, राजनीतिक दलका नेताको भ्रष्ट प्रवृत्तिले सृजना गरेको दुष्परिणाम र यसबाट उम्किने उपायसँग सम्बन्धित विषयमा प्रकाश पारेका थिए ।

साथै उक्त कार्यक्रममा ' भ्रष्टाचार न्यूनिकरण सम्बन्धी कानून, सवाल, अवस्था र सरोकारवालाको भूमिका' विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, पोखराका निमित्त कार्यालय प्रमुख सन्तोष तिमिल्सिनाले समेत कार्यपत्र प्रस्तुत गरेका थिए ।

कार्यक्रममा मानव अधिकारवादी संघ संस्थाहरू, गैर सरकारी संस्था, शैक्षिक संस्थाहरू, पोखराका प्रबुद्ध विद्वत् वर्ग, नेपाल पत्रकार महासंघ जिल्ला, प्रदेश र केन्द्रका पदाधिकारी लगायत प्रबुद्ध पत्रकारहरू, वार एसोसिएसनको नेतृत्व एवम् विद्वत वर्गहरू, उद्योग वाणिज्य संघ, विभिन्न आमा समूहहरू लगायत सय भन्दा बढी नागरिक संघ संस्थाहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा नेपाली काँग्रेस पार्टी, कास्कीका अध्यक्ष किशोरदत्त बराल, गण्डकी प्रदेश सभाका पूर्व सभामुख एवम् नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा कास्की जिल्ला इन्चार्ज नेत्रनाथ अधिकारी, नेकपा (एमाले), कास्कीका उपाध्यक्ष तेज नारायण अधिकारी, नेकपा (एकिकृत समाजवादी), कास्कीका अध्यक्ष खड्ग बहादुर हमालले पार्टीका तर्फबाट विषय केन्द्रित रही आ-आफ्ना धारणाहरू व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा सहभागीका तर्फबाट शिव खकुरेल (इन्सेक कास्की), विष्णुहरी अधिकारी (नागरिक समाज), श्रीकान्त शर्मा खतिवडा (नेपाल मानव अधिकार संरक्षण मञ्च, केन्द्रिय सदस्य), विना सिलवाल (गैर स.स. महासंघ केन्द्रिय सदस्य), शिवलाल उपाध्याय (लाइन्स क्लब अफ पोखरा स्काई टाउन, अध्यक्ष), कमल पौडेल 'अथक' (पत्रकार महासंघ, कास्की), चक्रपाणी सुवेदी (मानव अधिकार संरक्षण मञ्च, कास्की), गिरधारी सुवेदी (कास्की अपाङ्ग संघठनका पदाधिकारी) लगायतले भ्रष्टाचार हुने क्षेत्र, कारण र न्यूनिकरणका उपायहरू सम्बन्धमा आ-आफ्नो विचार व्यक्त गरेका थिए । कार्यक्रमको अन्त्यमा उपप्रध्यापक एवम् अधिवक्ता गिरधारी सुवेदीले गोष्ठिको समग्र उपलब्धिको सार संक्षेप सहित निष्कर्ष सहितको प्रस्तुति दिएका थिए । कार्यक्रमको सञ्चालन संस्थाका उपाध्यक्ष लक्की कार्कीले गरेकी थिइन् ।

# पार्टीमा विना स्वार्थ दुःख गरेकाहरुलाई स्थान : केन्द्रीय सदस्य पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज

नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेलले पार्टी भित्र भएको नकारात्मक विषयमा बोल्न कार्यकर्तालाई निर्देशन दिएकी छिन् ।

नेपाली कांग्रेस धादिङ पोखरा सम्पर्क समितिद्वारा आयोजित विजया दशमी, दिपावली, छठ, इद तथा नेपाल सम्वतको शुभकामना आदान प्रदान कार्यक्रममा प्रदेश, जिल्ला, नगर, गाउँपालिका तथा सवै तहका जिम्मेवार पद धारण गर्ने कांग्रेसी नेतृत्वलाई सकारात्मक भएर गुटरहित ढंगको व्यवहार गर्न आग्रह गरेकी हुन् । संविधान सभाका पूर्व सदस्यसमेत रहेकी नेता पौडेलले कार्यकर्ताको भावनाको कदर सवैतहमा अनिवार्य भएको बताइन् ।

धादिङ पोखरा सम्पर्क समितिका सभापति कमलबहादुर पाण्डेको अध्यक्षतामा भएको सभामा केन्द्रीय सदस्य पौडेलले भनिन्, 'जवसम्म फलानोको मान्छे भनेर नेता बन्ने चलन अन्त्य हुँदैन, तवसम्म कांग्रेस बन्दैन ।' उनले भनिन्, गठबन्धनले कांग्रेसलाई कमजोर बनायो, नेतालाई देवत्वकरण गरियो, चोरबाटोबाट पद र सम्मान खोज्ने नीतिलाई पार्टीले गहन ढंगबाट लिने बताइन् । उनले नेपाली कांग्रेस जिल्ला तहको नेतृत्व के गरिरहेको छ भन्दै पार्टीमा विना स्वार्थ दुःख गरेकाहरुलाई उचित स्थान दिन निर्देशन दिइन् ।

कार्यक्रममा नेपाली कांग्रेस पोखरा महानगर वडा नं ६ का सभापति सन्तोष पौडेलले नेपाली जनताले शासकीय स्वरुपको प्रश्नलाई कांग्रेसले सम्वोधन गर्न नसकेको बताए । नेता पौडेलले आशा लाग्दो योजना कांग्रेसले वर्तमान राज्य व्यवस्थामा दिन नसक्दा जनताको बीचमा जान कठिन भएको बताए ।

शुभकामना आदान प्रदान कार्यक्रममा नेका पोखरा ७ का सभापति नवीनराज बरालले आर्थिकरुपले मुलुक कमजोर बनेको अवस्थामा कांग्रेसकै अर्थमन्त्री हुँदा नभएको अभाष जनताले गर्नु भविष्यको कांग्रेस संकटमा पर्नु भएको बताए । गठबन्धनमा कम्युनिष्टले गरेको गल्तीको भागिदार समेत कांग्रेस बन्न परेको बताउँदै नेता बरालले नेताहरुको मनोमानीले कार्यकर्ताको भावना बुझ्न नसकिने ठोकुवा गरे ।

कार्यक्रममा नेपाली कांग्रेस धादिङ पोखरा सम्पर्क समितिका संस्थापक सभापति केदार धमलाले कांग्रेस पार्टी सरकारमा भएपनि कर्मचारी, विद्यार्थी तथा हरेक तहका श्रमिकलाई कुनै न्याय दिन नसकेको बताए । धमलाले नीतिगत सुधारमा २०४७/०४८ तिर जति भयो, त्यसमा कांग्रेसले कुनै सुधार गर्न नसक्नु आगामी ०८४ मा हुने निर्वाचनमा पछि पर्नु भएको बताए ।

समितिका सचिव श्यामबहादुर इटनीको सञ्चालनमा रहेको कार्यक्रममा समितिका वरिष्ठ उपसभापति माधव लम्सालले शुभकामना सहित स्वागत गरेका थिए भने कार्यक्रम संयोजक भूपेन्द्र सिलवालले कार्यक्रम माथि प्रकाश पारेका थिए ।

शुभकामना दिँदै सम्पर्क समितिका वरिष्ठ सल्लाहकार कृष्णकुमार श्रेष्ठले भ्रष्टाचार लगायत अन्य विषयमा कांग्रेसले किन अडान लिन सक्दैन, पार्टीका नेताहरु किन लोभी र पापी बन्दै गयो, किन राम्रो काम गर्न सक्दैन, हामीले के मागेका छौं र ?, केवल कांग्रेस राम्रो होस्, कार्यकर्ताले छाति फुलाएर हिड्न पाओस् यत्ती पनि किन गर्न सक्दैन भन्दै कडा प्रश्न गरेका थिए । कार्यक्रममा सल्लाहकार टेकबहादुर थपलिया, यादुप्रसाद ढकाल, उपसभापति सीता श्रेष्ठ, किश्वर भट्ट, देवराज अर्याल, शान्ता धरेल, लालकाजी श्रेष्ठ, जानुका अधिकारी, तपन गुरुङ लगायतले शुभकामना दिएका थिए ।

# विकासका ...

लगानीको वातावरण बनेको भन्दै प्रवासी नेपालीहरूलाई ढुक्क भएर नेपालमा लगानी गर्न पनि आग्रह गर्नुभयो । सरकार लगानी सुरक्षाको प्रत्याभूति दिन तयार रहेको भन्दै उहाँले कृषि, ऊर्जा, पूर्वाधारलगायतका क्षेत्रमा प्रवासी नेपालीलाई लगानी गर्न सुझाव दिनुभयो । यसका लागि प्रदेश सरकारले आवश्यक समन्वय र साझेदारी गर्न तयार रहेको समेत उहाँको भनाइ छ । उहाँले सीमित स्रोत र साधनका बीच गण्डकी प्रदेश विकासको गतिमा अघि बढेको बताउँदै ११ जिल्लाका ८५ वटै पालिकामा समानुपातिक रूपमा विकास गरिनेमा जोड दिनुभयो । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेश सरकारले आगामी आर्थिक वर्षदेखि योजना बैंक स्थापना गर्ने र सोहीअनुसार प्राथमिकताका आधारमा बजेट विनियोजन गर्ने बताउनुभयो । कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य अर्जुनप्रसाद जोशी, नेकपा (एमाले) केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य कल्पना चापागाईं, संविधानसभा सदस्य विकास लम्साल गैर आवासीय नेपाली सङ्घ (एनआरएनए)का निवर्तमान अध्यक्ष कुल आचार्य, एनआरएनएका आगामी कार्यकालका लागि अध्यक्षका प्रत्यासी महेशकुमार श्रेष्ठलगायतले मुलुकमा लगानीका सम्भावनाका बारेमा धारणा राख्नुभएको थियो ।

# स्वर्गीय चित्रबहहादुर गुरुङको ३३ औं स्मृति सभा

**पोखरापत्र संवाददाता**
पोखरा, २७ असोज




नेकपा एमाले गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्माले प्राप्त उपलव्धिको रक्षा गर्दै अग्रजले देखेका सपना पुरा गर्ने दायित्व सवैको भएको बताउनु भएको छ ।

नेकपा एमाले पोखरा १७ द्धारा आयोजित २००७ सालका मुक्ति सेनाका क्षेत्रीय कमाण्डर स्वर्गीय चित्रबहहादुर गुरुङको ३३ औ स्मृति सभामा बोल्दै उहाँले देश र जनताको अवस्थामा खासै परिवर्तन आउन नसकेकोमा चिन्ता व्यक्त गर्नुभयो । मुलुकमा अधिकार स्थापनाका लागि राजनैतिक पार्टीको महत्वपूर्ण भूमिका रहेको स्मरण गर्दै अध्यक्ष शर्माले समाज निर्माण गर्ने जिम्मेवारी पनि राजनैतिक पार्टीको भएको बताउनुभयो । चित्रवहादुर गुरुङ स्मृति प्रतिष्ठानको सल्लाहकार अधिवक्ता तिलक पराजुलीले निडर एवम् हक्कि स्वभावका गुरुङले निजी जिवन भन्दा माथि उठेर देश र जनताको पक्षमा अतुलनिय योगदान पुर्‍याउनु भएको उल्लेख गर्नुभयो ।

नेकपा एमाले पोखरा १७ का अध्यक्ष ऋषव तिमिलाको अध्यक्षतामा भएको स्मृति समाभा स्वर्गिय गुरुङकी नातिनी बुहारी शान्ता गुरुङ र पार्टी सचिव विक्रम गुरुङले अधिकार स्थापित गर्दै पार्टी निर्माणमा स्वर्गीग गुरुङको योगदानका बारेमा चर्चा गर्नुभएको थियो । मुस्ताङचोकमा रहेको स्वर्गीय गुरुङको अर्धकदको शालिकमा पार्टी अध्यक्ष नवराज शर्मा, पोखरा १७ वडाअध्यक्ष राधिका शाही योगि लगायत नेकपा एमालेका कार्यकर्ता, परिवारजन, उहाँका शुवेक्षुक र शुवचिन्तकले माल्यार्पण गर्नुभएको थियो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# कोशीमा जसरी पनि कांग्रेसकै नेतृत्व

कोशी प्रदेशमा सत्ताको किचलोले ९ महिनामा ५ मुख्यमन्त्री बनेका छन् । प्रदेशसभाको पहिलो कार्यकालमा ३ र दोस्रो कार्यकालमा हालसम्म ३ जना मुख्यमन्त्री बनिसकेका छन्।प्रदेश संरचना खर्चिलो भएको आरोपलाई सहि सावित गराउने काम दलहरुले गरेका छन्। अहिले काङ्ग्रेसको आन्तरिक, पहिलो कार्यकालमा नेकपा र एमाले भित्रको किचलोले प्रदेश सरकार अस्थिर बने । संस्थापक मुख्यमन्त्री नेकपा एमालेका नेता शेरधन राई बने । उनले झण्डै साढे ३ वर्ष प्रदेश सरकारको नेतृत्व गरे । उनी २०७४ फागुन ३ गते मुख्यमन्त्री नियुक्त भएका थिए । उनले २०७८ भदौ १० गतेसम्म प्रदेश सरकारको नेतृत्व सम्हालेका थिए ।

नेकपा एमाले फुटको असर रोक्नका लागि त्यसपछि भीम आचार्यलाई मुख्यमन्त्री बनाइएको थियो । एमाले विभाजनको असर रोक्नका लागि राईलाई राजीनामा गराएर आचार्यलाई मुख्यमन्त्री बनाइ नेकपा एमालेको उर्वरभूमि मानिएको कोशी प्रदेशमा पार्टी विभाजनको असर नदेखाउन आचार्यलाई मुख्यमन्त्री बनाइएको थियो । आचार्य २०७८ भदौ १० गते मुख्यमन्त्री नियुक्त भएका थिए । २०७८ कात्तिक १६ गते अल्पमतमा परेपछि उनले राजीनामा दिएका थिए । दोस्रो कार्यकालमा सबै भन्दा छोटो समय अर्थात् दुई महिना ६ दिन मुख्यमन्त्री बनेका थिए आचार्य । एमालेबाट फुटेर बनेको एकीकृत समाजवादीका राजेन्द्र राई त्यसपछि तेस्रो मुख्यमन्त्री बने । त्यति बेला राईसहित १० जना एकीकृत समाजवादीमा आएका थिए । तेस्रो मुख्यमन्त्रीमा राजेन्द्र राई २०७८ कात्तिक १६ गते नियुक्त भए । उनले २०७९ पुस २५ गतेसम्म कोशी प्रदेश सरकारको नेतृत्व सम्हालेका थिए । उनी १४ महिना मुख्यमन्त्री भए । पहिलो कार्यकालमा राजनीतिक उतारचढावबीच ३ जनाले सरकारको नेतृत्व सम्हाले । केन्द्रीय अस्थिरताका कारण मात्रै तत्कालीन प्रदेश १ मा असर परेको थियो ।

दोस्रो कार्यकालमा अंकगणितका कारण शुरुदेखि नै अस्थिर बनिरहेको छ । गठबन्धन राजनितिक दलको निर्णयको नीतिले यो परिणाम ल्याएको हो । केन्द्रीय सत्ता गठबन्धनमा भएको उथलपुथलले कोशी प्रदेशमा झन् संकट निम्तिएको छ । २०७९ पुस २४ गते माओवादी केन्द्र तथा जसपाको समर्थनमा हिक्मत कार्की दोस्रो कार्यकालको पहिलो मुख्यमन्त्री बनेका थिए । ६ महिना बित्न नपाउँदै कार्की नेतृत्वको सरकार ढल्यो । गत असार १५ गते विश्वासको मत नपाएपछि कार्की नेतृत्वको सरकार ढलेको थियो । माओवादी र जसपाले समर्थन फिर्ता लिएपछि कार्की नेतृत्वको सरकार ढलेको थियो । त्यसपछि उद्धव थापा मुख्यमन्त्री बने । थापा पाँचौं मुख्यमन्त्री बनेका हुन् । कोशीमा पहिलो कार्यकाल कांग्रेसले मुख्यमन्त्री बन्ने अवसर पाएको थिएन ।

तर थापामाथि संवैधानिक संकटसमेत आइलाग्यो । सभामुख बाबुराम गौतमको हस्ताक्षरमा मुख्यमन्त्री बनेका थापाविरुद्ध सर्वोच्च अदालतमा मुद्दा परेको थियो । मुख्यमन्त्री बनेको २२ दिन मै उनी पदमुक्त भए । उनी पहिलो पटक असार २१ गते मुख्यमन्त्री बनेका थिए । त्यसपछि उनी गत साउन १६ गते मुख्यमन्त्री बने । उनको दोस्रो कार्यकाल पनि फलदायी बनेन । भदौ २१ उनलाई पुनः सर्वोच्चले पदमुक्त गरिदिएको थियो । पहिलोपटक २२ दिनमा सर्वोच्च अदालतबाट पदमुक्त बनेका थापा दोस्रो पटक ३८ दिनमा सर्वोच्चबाटै पदमुक्त बनेका थिए ।

पहिलोपटक सभामुखलाई हस्ताक्षर गराएका र दोस्रोपटक प्रदेशसभाको अध्यक्षता गरेका व्यक्तिलाई जबरजस्ती आफ्नो पक्षमा मतदान गराउँदा उनी पदमुक्त बने । राजेन्द्र राईले दोस्रो कार्यकालमा छोटो समय सत्ताको बागडोर चलाएका थिए । त्यसपछि हिक्मत हुँदै केदार कार्कीसम्म मुख्यमन्त्री बनेका छन् । सविधानतः अन्तिम सरकारका रुपमा केदार कार्की मुख्यमन्त्री बनेका छन् । अब कार्कीले पनि एक महिनाभित्र विश्वासको मत लिनुपर्छ । उनले विश्वासको मत पाउन नसके कोशी मध्यावधि निर्वाचनमा जानेछ । अहिलेसम्मको अवस्था हेर्दा दोस्रो कार्यकालमा ५ जना मुख्यमन्त्री बनेका छन् ।

कोशीमा केन्द्रीय सत्ता गठबन्धनकै प्रभाव परेपछि दुवै पक्षलाई बहुमत पुग्ने अवस्था आउन सकेन । बहुमत पुग्ने अवस्था आउँदा एकले अर्कोलाई रोक्ने खेल हुँदै कोशीका कांग्रेसमा विद्रोह हुने अवस्थासम्म आइपुगेको हो । मुख्यमन्त्रीका लागि एउटै दल कांग्रेसका सांसदको हस्ताक्षरले दिएको तनाव तत्कालालाई साम्य भएर कार्की मुख्यमन्त्री बनेका छन् । तर मुख्यमन्त्रीले सरकार गठन गर्दा कुन दललाई समेट्छन् र कसरी विश्वासको मत प्राप्त गर्छन् भन्ने जटिलतातिर कोशी पुगेको छ ।सत्ता गठबन्धनले केदार कार्कीलाई विश्वासको मत दिने भनाईले मध्यावधिमा जान ठुला दल तयार छैनन भन्ने स्पष्ट भएको छाजुनसुकै तरिकाबाट भएपनि काङग्रेसले सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । अब मध्यावधि रोक्न र स्थिर सरकार बनाउन सबैलाई समेटेर लानु जरुरी छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : अप्रत्यसित लाभ |
| वृष | : सम्मान मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : आर्थिक समस्या | धनु | : झमेला बढ्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : कार्यमा सफलता |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : मन चञ्चल |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# प्रवासी नेपालीलाई लगानी भित्र्याउन आग्रह

रासस
बेनी, २७ असोज

प्रवासी म्याग्देलीलाई जिल्लाको विकास र समृद्धिको अभियानमा लगानी भित्र्याउन यहाँका सरोकारवालाले आग्रह गरेका छन् ।

म्याग्दी प्रवासी नेपाली सङ्घ (मोना) अन्तर्राष्ट्रिय कार्यकारी समितिको पाँचौँ महाधिवेशनको उद्घाटन सत्रमा बोल्ने वक्ताले पर्यटन, कृषि, पशुपालन र जलस्रोतमा अथाह सम्भावना बोकेको म्याग्दीमा पूर्वाधार विकास तथा उत्पादनमूलक क्षेत्रमा लगानी भित्र्याउन आग्रह गरेका हुन् । महाधिवेशनको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य खमबहादुर गर्बुजाले जिल्लामा सामाजिक तथा मानवीय सेवाको क्षेत्रमा प्रवासी म्याग्देलीले गरेको सहयोग प्रशंसायोग्य रहेको बताउँदै जिल्लामै रोजगार सिर्जना हुने क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो । आर्थिक अवस्था कमजोर रहेकाको उपचार, प्राकृतिक विपत्तिमा परेकाको राहत सहयोगदेखि प्रवासमा अलपत्र परेकाको उद्धारमा मोनाले गरेको काम रचनात्मक रहेको उहाँको भनाइ थियो । कार्यक्रममा पूर्वमन्त्री थममाया थापा र गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीले विश्वभर छरिएर रहेका म्याग्देलीलाई एकताबद्ध गर्न मोना प्रयासरत रहेको बताउँदै जिल्लाको विकासमा सकारात्मक भूमिका खेल्न आग्रह गर्नुभयो । प्रवासमा आर्जन गरेको सीप, पुँजी र अनुभवलाई जिल्ला र मुलुकको विकास तथा समृद्धिमा टेवा पुगे गरी लगानीका रूपमा भित्र्याउन उहाँहरूले प्रवासी म्याग्देलीलाई आग्रह गर्नुभयो । कार्यक्रममा संविधानसभा सदस्य रेशमबहादुर बानियाँ, गण्डकी प्रदेशसभा सदस्यद्वय हरिबहादुर भण्डारी र विमला गौचनले प्रवासमा रहेका म्याग्देलीलाई जिल्लाको पर्यटन, जलविद्युत्, उद्योगलगायत क्षेत्रमा लगानी गर्न आग्रह गर्नुभयो । गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जीवी शर्मा, नेकपा (एमाले) म्याग्दीका उपाध्यक्ष बालकृष्ण सुवेदी, जिल्ला समन्वय समितिका प्रमुख राजकुमार थापा, मालिका गाउँपालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा र अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भरतकुमार पुनले मोनाले आपतविपत्, मानवीय सेवा र सामाजिक क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै प्रशंसा गर्नुभयो । मोना अन्तर्राष्ट्रिय कार्यकारी समितिका प्रमुख संरक्षक ओमनारायण जुग्जाली, पूर्वअध्यक्ष प्रकाश पुन र योगेन्द्र क्षेत्रीले प्रवासी म्याग्देलीले स्थापनाकालदेखि म्याग्दीमा विभिन्न क्षेत्रमा ठूलो सहयोग पुऱ्याउँदै आएको बताउनुभयो । मोनाले विश्वका विभिन्न २८ मुलुकमा रहेका म्याग्देलीलाई सङ्गठित गरेको छ । नयाँ नेतृत्व चयनका लागि आजदेखि निर्वाचन प्रक्रिया सुरु हुने जनाइएको छ । नेतृत्वका लागि हालका वरिष्ठ उपाध्यक्ष ददीवल खड्का र सल्लाहकार मिम पुर्जाको उम्मेदवारी दर्ता भएको निर्वाचन समितिले जनाएको छ । खड्का जापान र पुर्जा नेदरल्याण्डमा बसोबास गर्दै आउनुभएको छ ।

# पर्यटक लोभ्याउँदै लोपोन्मुख झाँक्री नाच

रासस
बागलुङ, २७ असोज

बागलुङ ढोरपाटनका दलित समुदायमा परम्परादेखि चल्दै आएको झाँक्री नाच कुनै समय बिरामी निको पार्ने माध्यम थियो । तर अहिले त्यो समय छैन । मानिसहरू बिरामी हुँदा स्वास्थ्य चौकी र अस्पताल जान थालेपछि झाँक्री नाचको माग कम हुन थाल्यो । यसैको आम्दानीबाट जीविकोपार्जन गर्नेलाई समस्या हुन थाल्यो ।

अहिले पनि मानिसहरू बिरामी हुँदा झाँक्रीकहाँ नआउने होइन तर त्यो सङ्ख्या निकै कम छ । यद्यपि आफूकहाँ आउने बिरामीहरूलाई झारफूक गर्ने भन्दा पनि अस्पतालमै जान सुझाव दिने गरेको उनीहरूको भनाइ छ । उनीहरू भने यो नाचलाई परिमार्जन गर्दै लगेका छन् । लोपोन्मुख झाँक्री नाचलाई जोगाउन र आम्दानीसमेत गर्ने उद्देश्यले यहाँका झाँक्रीहरू यतिबेला झाँक्री नाचलाई विभिन्न चाडपर्व, मेला-महोत्सव तथा पर्यटकको स्वागतमा प्रदर्शन गर्न थालेका छन् ।

ढोरपाटन नगरपालिका-९ ढोरका सुन्दर विक आफूहरू यतिबेला झाँक्री नाच पर्यटकलाई देखाएर आम्दानी गर्न थालेको बताउनुहुन्छ । बाजे र जिजुबाजेले दिएका गरगहनामा सजिएर र पशुपक्षीका छाला ओढेर डम्फु र ढोल बजाउँदै नाच्ने झाँक्री नाच अन्यत्रभन्दा फरक भएकाले ढोरपाटन घुम्न आउने पाहुना पनि यसैमा झुम्न थालेको उहाँको भनाइ छ । "यो बिरामी निको पार्ने नाच हो, पछिल्लो समय हामीले यसलाई मेला तथा महोत्सवमा देखाउँदै आएका छौँ, कहिलेकाँही ढोरपाटनमा आउने पाहुनाको स्वागतमा पनि देखाउँछौँ", उहाँले भन्नुभयो । झाँक्री मोतीलाल विकले आफू कहाँ आउने बिरामीलाई सामान्य झारफुक गरे पनि अस्पताल जान नै सुझाव दिने गरेको बताउनुभयो । "ढोरपाटनमा आउने पर्यटकको सङ्ख्या दैनिक बढ्दै गइरहेको छ, उनीहरूको स्वागतका लागि यहाँका होटल तथा सामुदायिक घरबासले हामीलाई बोलाउँछन्", उहाँले भन्नुभयो, "त्यसबाहेक ढोरपाटनमा लाग्ने मेला तथा महोत्सव पनि आयस्रोतको माध्यम बनेको छ ।"

झाँक्री भुपिल विकले आफूले सामान्य आयुर्वेद उपचार गरे पनि बिरामीलाई भने अस्पताल जान सुझाव दिने गरेको बताउनुभयो । "अस्पताल गएर थाकेर फर्केकालाई पनि उपचार गर्छौँ तर सिकिस्त बिरामीलाई भने पहिले अस्पताल जान भन्छौँ", उहाँले भन्नुभयो । ढोरपाटन सामुदायिक घरबासका सञ्चालक रामबहादुर घर्तीले घरबासमा आउने पाहुनाको मनोरञ्जनका लागि झाँक्री नाच देखाउने गरेको बताउनुभयो । झाँक्रीले देखाउने नाचबाट पाहुना प्रभावित हुन थालेपछि झाँक्रीको माग बढ्न थालेको उहाँको भनाइ छ । बागलुङको पश्चिम क्षेत्रको निसी, बोबाङ, अधिकारीचौर र ढोरपाटन उपत्यका क्षेत्रमा प्रचलित झाँक्री नाचको अहिले अन्यत्र पनि प्रचार-प्रसारसमेत हुन थालेको छ । झाँक्री नाच देखाउनकै लागि बुर्तिबाङबाट बागलुङ बजारसम्म आउने गरेका छन् ।

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पाँच करोडको कार्यक्रम सार्वजनिक

पोखरापत्र संवाददाता
गोरखा, २७ असोज

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले गोरखा र तनहुँमामा लागू हुनेगरी रु पाँच करोडभन्दा बढीको स्वीकृत बजेट तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

परियोजनाले चालु आर्थिक वर्ष २०८०/८१ अन्तर्गत स्वीकृत भएर आएको बजेट तथा कार्यक्रम सार्वजनिक गरेको हो । दुई जिल्लाका लागि परियोजनाअन्तर्गत चालु आवमा पुँजिगत तथा चालु खर्चका लागि रु पाँच करोड पाँच लाख रकम प्राप्त भएको कार्यालयका प्रमुख पूर्ण ढुङ्गानाले जानकारी दिनुभयो । परियोजनाअन्तर्गत नयाँ सिँचाइका पूर्वाधार निर्माण गर्न र गत आवमा विस्तार भएका अधुरा सिँचाइ पूर्वाधार निर्माणका लागि रु ९१ लाख प्राप्त भएको उहाँले बताउनुभयो । "बगैँचा सुदृढीकरण कार्यक्रमका लागि यस वर्ष रु २४ लाख विनियोजन भएर आएको छ", प्रमुख ढुङ्गानाले भन्नुभयो, "रु ४० लाख जोन क्षेत्रमा ५० प्रतिशत अनुदानमा कृषि यान्त्रिकीकरणमा सहयोगका लागि रकम प्राप्त भएको छ ।" सुन्तला जातका फलफूल बगैँचामा खाद्यतत्व, सुस्मतत्व व्यवस्थापन तथा प्रदर्शनीका लागि रु तीन लाख ५० हजार र चक्लाबन्दीमा पकेट, ब्लक, जोन सञ्चालनका लागि सम्भाव्यता अध्ययन तथा कार्यान्वयन सहयोगका लागि रु ६० लाख विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो । त्यस्तै परियोजनाअन्तर्गत चालु आवमा पुराना चक्लाबन्दी कार्यक्रमको निरन्तरता तथा व्यवस्थापन सहयोगमा रु नौ लाख बराबरको कार्यक्रम रहेको छ । "यस वर्ष सुन्तला जातका फलफूलको नमुना बगैँचा स्थापना कार्यक्रमका लागि रु २१ लाख बजेट विनियोजन भएको छ", प्रमुख ढुङ्गानाले भन्नुभयो, "प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम सञ्चालन अनुदानमा रु ११ लाख २८ हजार प्राप्त भएको छ ।" परियोजनाले चालु आवमा रु चार लाख १३ हजारको क्षेत्र विस्तार हुने स्थानको माटो परीक्षण सेवा तथा आकस्मिक बाली संरक्षण कार्यक्रम पनि सञ्चालन गर्नेछ । त्यस्तै तरकारी क्षेत्र विस्तार तथा नवीनतम् उन्नत प्रविधि प्रदर्शनका लागि रु सात लाख ५२ हजार, आलु जातीय उत्पादन प्रदर्शनी कार्यक्रमका लागि रु आठ लाख, अनुदानमा पिबिएस/उन्नत आलुको बीउ वितरणका लागि रु तीन लाख ९२ हजार, धानको बीउ वृद्धि कार्यक्रम/स्वदेशी हाइब्रिड धान प्रदर्शनका लागि रु छ लाख ४० हजार र धान बालीमा नविन प्रविधि प्रदर्शनका लागि रु आठ लाख ८५ हजार विनियोजन भएर आएको उहाँले जानकारी दिनुभयो । परियोजनाबाट यस वर्ष स्थानीय तहसँगको समन्वयमा नर्सरी स्रोतकेन्द्र स्थापना/सुदृढीकरणका गर्नका लागि रु छ लाख, अनुदानमा तरकारीको 'हाइब्रिड' जातको बीउ वितरणका लागि रु चार लाख, फलफूलका निजी नर्सरी सुदृढीकरणका लागि रु १० लाख र जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (सुन्तला) का लागि रु १३ लाख ५० हजार विनियोजन गरिएको प्रमुख ढुङ्गानाले बताउनुभयो ।

# मनाङ एयर निलम्बनमा

रासस
काठमाडौं, २७ असोज

पछिल्लो तीन महिनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटना भएपछि नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले उक्त कम्पनीको एओसी (एयर अपरेटर सर्टिफिकेट) निलम्बन गरेको छ ।

प्राधिकरणका सूचना अधिकारी ज्ञानेन्द्र भुलका अनुसार मनाङ एयरले उडान सुरक्षामा ध्यान नदिएकाले तीन महिनाका लागि उसको एओसी निलम्बन गरिएको हो । तीन महिनाको अवधिमा दुईवटा हेलिकप्टर दुर्घटना भएपछि उक्त कम्पनीको एओसी निलम्बन गरिएको हो । "मनाङ एयरको सेवा सञ्चालन प्रमाणपत्र निलम्बन भइसक्यो, तीन महिनामा दुईवटा हेलिकप्टर दुर्घटना भएका छन् अब उक्त कम्पनीसँग हेलिकप्टर पनि छैनन्", प्रवक्ता भुलले भन्नुभयो, "प्राधिकरणले मनाङ एयरको वस्तुस्थितिका समीक्षा गरेपछि कम्पनी खारेज गर्ने वा निलम्बन फुकुवा गर्ने भन्ने निर्णय हुनेछ ।" प्राधिकरणका अनुसार निलम्बनमा परेको मनाङ एयरले तत्काल हेलिकप्टर ल्याए पनि उडाउन अनुमति पाउने छैन । दुर्घटनाको विस्तृत अध्ययनका लागि प्राधिकरणको प्राविधिक टोली भोलि आइतबार हेलिकप्टर दुर्घटना भएको क्षेत्रमा जानेछ । सोलुखुम्बुको लुक्लाबाट लोबुचे उडेको मनाङ एयरको 'एन-एनजे'कलसाइन हेलिकप्टर आज बिहान जिल्लाको खुम्बुपासाङल्हामु गाउँपालिका-४ लोबुचेमा दुर्घटना भएको थियो । दुर्घटनामा घाइते भएका पाइलट प्रकाशकुमार सेढाईंको उद्धार गरी अहिले काठमाडौंको ह्याम्स अस्पतालमा उपचार भइरहेको छ । प्राधिकरणको हवाई सुरक्षा प्रतिवेदन 'एभिएसन सेफ्टी रिपोर्ट-२०२३' अनुसार हालसम्म नेपालमा विभिन्न कम्पनीका ३९ वटा हेलिकप्टर दुर्घटना भएका छन् । ती दुर्घटनामा ९० जनाको मृत्यु भएको छ । पछिल्ला तीन महिनामा मनाङ एयरका दुईवटा हेलिकप्टर दुर्घटनाग्रस्त भएका छन् । दुवै दुर्घटना सोलुखुम्बुमा भएका हुन् । गत असार २६ गते मनाङ एयरको हेलिकप्टर दुर्घटना हुँदा चालक दलका एक सदस्यसहित छजनाको मृत्यु भएको थियो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
१९९९/०५/०५ गते

स्वर्गारोहणः
२०८०/०५/१६ गते

स्व. सन्त बहादुर गुरुङ

यस विद्यालयका भू.पू. विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सन्त बहादुर गुरुङ को ८१ वर्षको उमेरमा भएको असामयिक निधनले हामी सम्पूर्ण विद्यालय परिवार निकै मर्माहत भएका छौं । आज ४९ औं दिनको पुण्य तिथिमा देवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्य धारण गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

कृष्णबहादुर पोखेल
प्रधानाध्यापक तथा
हर्पनकोट मा. वि. विद्यालय परिवार
पोखरा-२३ कुदविडाँडा

# र्‍यान्डममा 'के पढ्ने र किन पढ्ने ?' बारे छलफल

पोखरापत्र संवाददाता
पोखरा, २७ असोज

र्‍यान्डम रिडर्स सोसाइटीले शनिबार 'के पढ्ने ? किन पढ्ने' भन्ने विषयमा छलफल चलाएको छ । सोसाइटीले मासिक रूपमा हरेक महिनाको अन्तिम शनिवार कुनै पुस्तक वा विषयमाथि परिचर्चा गर्दै आएकामा यस पटक आफ्नै उद्देश्यसँग मिल्दो शीर्षकमा कार्यक्रम आयोजना गरेको हो ।



कार्यक्रमका वक्ता साहित्यकार सरुभक्तले जे पढे पनि पढ्नु नै महत्त्वपूर्ण रहेको भनाइ राखे । 'धेरै पढ्नु महत्त्वपूर्ण कुरा होइन, पढेको कुरालाई मनन गर्न सक्नु महत्त्वपूर्ण कुरा हो' सरुभक्तले भने, 'पढाइले मानिसलाई ज्ञानी मात्र बनाउँदैन, आग्रही पनि बनाउँछ । किताब छानेर पढ्नेहरूले किताबभन्दा पहिले चेतन-अचेतनमा आग्रह छानिसकेका हुन्छन् ।' नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानका पूर्व कुलपतिसमेत रहेका सरुभक्तले भने, 'धनी बन्न चाहने, साहित्यकार बन्न चाहने, दार्शनिक बन्न चाहने, वैज्ञानिक बन्न चाहने, व्यवसायी बन्न चाहने मानिसका पुस्तक चयन फरक हुन्छन् । पुस्तक पढ्नुको अर्थ 'केही बन्नका लागि' कि स्वयम् आलोकित हुनका लागि ? प्रश्न गम्भीर छ ।'

पढाइबाट वञ्चित भएका र पारिएकाहरूको सङ्ख्या ठुलो भएको बताउँदै उनीहरूसित पढेकाहरूले क्षमायाचना गर्नुपर्ने उनले तर्क गरे । धर्मको झण्डा बोक्नेहरू नै एकअर्काका रक्तपिपासु हुनु दुःखको कुरा भएको उनको भनाइ थियो । 'धर्म, जात, राजनीति, सम्प्रदाय र अनेक विभेदका भासमा, राजनीतिक अक्षमता र झगडालु मानसिकताका गर्तमा हामी सबै फसिरहेको यस्तो विकट समयको प्रश्न हो- के पढ्ने ? किन पढ्ने ?' सरुभक्तले भने, 'प्रश्न सरल छ, बारम्बार गरिनुपर्ने खालको छ तर उत्तर वर्तमान देशका जटिलताहरू झैँ जटिल हुन सक्छन् ।' उनले जीवनमा सबैभन्दा महत्त्वपूर्ण पढाइ नै जीवन पढ्नु भएको तर्क गर्दै आफूलाई चिनेर आफ्नो रुचि र आवश्यकताअनुसार पढ्न सुझाए । उनले वैचारिक बहसका लागि र्‍यान्डमले गरेको कार्यक्रम प्रशंसनीय भएको पनि बताए ।

प्रा. डा. चन्दा भद्राले आफूले आख्यान नपढ्ने बताइन् । कथा/उपन्यासमा नारीलाई अधिकांशतः अवमूल्यन गर्ने गरिएको बताउँदै उनले नारीको सम्मान गरिएको किताब चाहिँ जुनसुकै विधाको भए पनि पढ्ने गरेको भनाइ राखिन् । आफ्नो अध्ययन अनुभव सुनाउँदै नारावादी चिन्तकका रूपमा परिचित भद्राले समाजशास्त्र र अर्थशास्त्रसँग सम्बन्धित किताबहरू आफ्नो रोजाइमा पर्ने गरेको बताइन् । उपहारका रूपमा पुस्तक दिने संस्कृतिको विकास गर्नुपर्नेमा उनको जोड थियो । पठन अनुभव सुनाउँदै भद्राले आफ्नो पचासौँ जन्मदिनमा श्रीमान्ले दिएको महङ्गा उपहारभन्दा पुस्तक आफूलाई महत्त्वपूर्ण लागेको स्मरण गरिन् ।

लेखक गनेस पौडेलले आफूले स्वस्थानीबाट पाठ्यपुस्तकबाहिरका किताब पढ्ने बानीको सुरुवात् गरेको बताए । भाडामा समेत किताब लिएर पढेको अनुभव सुनाउँदै उनले पठनले जीवनलाई उचाइमा पुर्‍याउने विचार राखे । फिल्म हेर्दा तृप्त नभएको मानिसलाई पनि किताबले तृप्त पार्ने बताउँदै पौडेलले मान्छेको पहिचान नै पढाइ भएकोमा जोड दिए । उनले आफ्नो रुचिका किताब छनोट गरेर पढ्नसमेत पाठकलाई सुझाए ।

सोसाइटीका अध्यक्ष रुपिन्द्र प्रभावीले पठन संस्कृतिलाई नजिकिँदै गरेका दसैँ, तिहार, नेपाल संवत्, छठ, इद जस्ता पर्वहरूसँग कसरी जोड्न सकिन्छ भन्ने प्रश्नको उत्तर खोज्नका लागि पनि कार्यक्रम आयोजना गरिएको जानकारी दिए । पठन संस्कृतिको विकासका लागि सोसाइटीले आफ्ना गतिविधि अघि बढाइरहेको दाबी गर्दै उनले पर्वहरूका अवसरमा हुने बिदालाई अध्ययन संस्कृतिसँग जोड्नका लागि कार्यक्रमले सहयोग गर्ने आशा व्यक्त गरे । कार्यक्रमको सञ्चालन सचिव नेपालप्रकाश अधिकारीले गरेका थिए ।

# पोउवा संघद्वारा शुभकामना आदान-प्रदान तथा चियापान कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २७ असोज

पोखरा उद्योग वाणिज्य संघले शनिबार दशैं, नेपाल संवत, तिहार, छठ, इदलगायतका चाडपर्वको पूर्वसन्ध्यामा शुभकामना तथा चियापान कार्यक्रमको आयोजना गरेको छ । शुभकामना आदान-प्रदान र चियापान कार्यक्रममा संघका साधारण सदस्य, कास्की स्थित प्रशासनिक निकायका प्रमुख तथा प्रतिनिधिहरु एवं संघका शुभेच्छुकहरुको सहभागिता रहेको थियो ।

संघका अध्यक्ष पवनकुमार प्रजापतिले हरेक वर्षजस्तै यो वर्ष पनि शुभकामना आदान-प्रदानको लागि चियापान आयोजना गरिएको बताए । उनले बजार सुस्त भए पनि धैर्य नगुमाइ व्यवसाय गर्न उद्योगी/व्यवसायीहरुसँग आग्रह गरे । आमन्त्रित पाहुनालाई अध्यक्ष प्रजापतिसहित पदाधिकारी तथा कार्यसमितिका सदस्यहरुले अतिथिहरुको स्वागत गरिएको महासचिव बलराम आचार्यले जानकारी दिए ।

# पर्यटक आकर्षित गर्ने माध्यम बन्यो संस्कृति

पोखरापत्र संवाददाता
म्याग्दी, २७ असोज

मुस्ताङको मौलिक कला र संस्कृति पर्यटक आकर्षित गर्ने माध्यम बनेको छ । धार्मिक र प्राकृतिकसँगै मुस्ताङका बासिन्दाले परम्परागत मौलिक कला तथा संस्कृतिको जगेर्ना गरेर पर्यटक भित्र्याउने माध्यम बनाएका हुन् ।

मुस्ताङमा तीर्थयात्री र पैदलयात्री मात्र नभएर संस्कृति, रहनसहन, जीवनशैलीको अध्ययन, अवलोकनका लागि समेत पर्यटक आउने गरेका घरपझोङ गाउँपालिका-५ ठिनीस्थित थकाली सामुदायिक होमस्टे (घरबास) का सञ्चालक जुमा थकालीले बताउनुभयो ।

"पृथक भूगोल, मुक्तिनाथ, दामोदरकुण्ड, कागबेनी जस्ता धार्मिक स्थल र ऐतिहाँसिक दरबार मात्र नभएर बस्तीअनुसार फरक फरक संस्कृतिको पनि अवलोकन गर्न पाइन्छ", उहाँले भन्नुभयो, "भदौरे, कुमार जात्रा, लामा नाच, थार्तुङ, तिजी र फागुपूर्णिमाका अवसरमा देखाइने मौलिक गीत तथा नृत्यले पर्यटक आकर्षित गर्न तथा बसाई लम्बाउन सहयोग मिलेको छ ।"

ठिनी नजिकै रहेको घरपझोङ गाउँपालिका-५ हुसरकाङ डाँडास्थित कुछप तेरङ्गा गुम्बामा शुक्रबार सकिएको लामा नाच (धेक्याप) अवलोकन गर्न स्थानीयवासीका साथै स्वदेशी र विदेशी पर्यटकको बाक्लो उपस्थिति थियो । कुछप तेरङ्गा गुम्बा संरक्षण समितिका अध्यक्ष कुलबहादुर थकालीले लामा नाच अवलोकन गर्न स्थानीयवासीकै हाराहारीमा स्वदेशी, विदेशी पर्यटक र तीर्थयात्री आएका बताउनुभयो ।

"पहिले पहिले लामा नाच अवलोकन गर्न स्थानीयवासी मात्रै हुन्थे", उहाँले भन्नुभयो, "केही वर्षयता परम्परागत नाच प्रदर्शनी अवलोकन गर्न आउने पर्यटकको सङ्ख्या बढेको छ ।" सडक यातायातको सुविधा, प्रचारप्रसार आदी कारण परम्परागत सांस्कृतिक मेला पर्वमा पर्यटकको सहभागिता बढेको थकालीको भनाइ छ । मुस्ताङको प्रमुख गुम्बामा वर्षमा एक पटक लामा नाच हुने गर्छ । कुछप तेरङ्गा गुम्बामा लामा नाच प्रदर्शनीका लागि यही असोज २३ गतेदेखि पूजाआजा सुरु भएको थियो । लामाहरूले उवाको पिठो, घ्यूलगायत सामग्रीको प्रयोग गरेर बनाएको पूजा सामग्रीलाई धार्मिक विधिअनुसार गुम्बामा भित्र्याएर सुरु भएको उक्त नाचको विधि ती सामग्री सेलाएपछि सकिएको गुम्बाका लामा सुवास थकालीले बताउनुभयो । "पद्मसम्भको पाला आठौँ शताब्दीदेखि लामा नाच देखाउने चलन छ । देवताका विभिन्नरुपलाई लामा नाचमा प्रस्तुत गरिन्छ", उहाँले भन्नुभयो, "लामा नाच अवलोकन गरेमा पुण्य प्राप्त हुनुका साथै ग्रह दशा हट्ने र जीवनमा सफलता मिल्छ । तेह्र सय वर्षदेखिको लामा नाचलाई बचाएर राखेका छौँ ।" सो अवसरमा बौद्ध धर्मगुरु पद्मसम्भको जीवनसँग सम्बन्धित सन्देशमूलक १३ प्रकारका नाच प्रदर्शन गरिएको थियो । हसन, टोपी बज्राचार्य, हयग्रीब, गुरु पद्मम सम्भव, क्रोधी गुरु र सिंहमुखी, पञ्चदेवी, महाकाल, क्षेत्रपाल, महाराजा, जरायो, च्याहान दाता, दुष्ट राजा र एक डाकु शिर्षकको नाच प्रदर्शन गरिएको हो । लामा नाच अवलोकन गर्न आएका भारतको तामिलनाडुका रञ्जित झाले मुस्ताङ भ्रमणका क्रममा प्रकृति र धार्मिकसँगै फरक संस्कृतिको बारेमा जानकारी लिन पाएकामा खुसी व्यक्त गर्नुभयो । अमेरिकी पर्यटक रेमिनले धेरै वर्ष पुरानो संस्कृति अझै जीवित देख्दा दङ्ग परेको बताउनुभयो ।

यसपालिको लामा नाच सञ्चालन गर्न बेलायतमा रहेका ठिनीवासीले आर्थिक सहयोग गरेका थिए । प्रवासीको सहयोगमा ठिनीदेखि गुम्बासम्म निःशुल्क बस, भक्तजनलाई भोजन र खाजाको व्यवस्थापन गरिएको थियो । बौद्ध धर्ममा माइला छोरा लामा बस्ने चलन छ । ठिनीमा हाल २२ जनाभन्दा बढी लामा छन् । ठिनीका लामाका साथै छिमेकी गाउँका पनि लामा नृत्यका लागि गुम्बामा आएका छन् । कुछप तेरङ्गा गुम्बाको धार्मिक र पर्यटकीय सम्भावना छ । पर्यटकीय गन्तव्यको रुपमा विकास भएको ढुम्बा तालको नजिकै डाडामा रहेको गुम्बा परिसरबाट जोमसोम, ठिनी, मार्फा, स्याङलगायतका भूगोलको मनमोहक दृष्य अवलोकन गर्न सकिन्छ ।

# देशको समृद्धिका लागि सबैदल एकजुट हुनुपर्ने

पोखरापत्र संवाददाता
दमौली, २७ असोज

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले विकास र समृद्धिका लागि सबै दल एकजुट हुनुपर्ने बताउनुभएको छ ।

नेपाली काङ्ग्रेस व्यास नगर समितिले बडादसैँका अवसरमा शनिबार यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले अहिलेको मुख्य कार्यभार देशको विकास र समृद्धि भएकाले यसतर्फ सबैको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो । नेता भण्डारीले अन्य कुरामा राजनीतिक दलबीच मतभेद भए पनि विकास र समृद्धिका पक्षमा सबैको साझा एजेण्डा हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "सबै दलबीच एकता अहिलेको आवश्यकता हो । अहिलेसम्म जेजे भयो यसको जिम्मा सबै दलले लिनुपर्छ र एक भएर नागरिकका पक्षमा काम गर्नुपर्छ ।" नेता भण्डारीले देशमा धर्म र संस्कृतिमाथि प्रहार हुन थालेकाले सचेत हुनुपर्नेमा जोड दिनुभयो । धर्म संस्कृति मासिए देश खतरामा पर्ने बताउँदै धर्म र संस्कृतिको रक्षाका लागि सबै नेपालीबीच एकताको खाँचो रहेको उहाँको भनाइ थियो । कार्यक्रममा नेकपा (एमाले) व्यास नगर कमिटीका अध्यक्ष तुल्सीराम पाण्डे, नेकपा (माओवादी) केन्द्रका संयोजक रामचन्द्र सापकोटा, नेकपा (एकीकृत समाजवादी) का संयोजक मङ्गलप्रसाद श्रेष्ठले विकास निर्माणमा सबै दलबीच एकता आवश्यक रहेकामा जोड दिनुभएको थियो ।

# घुम्ती शिविरमार्फत गाउँगाउँमा सेवा

पोखरापत्र संवाददाता
बागलुङ, २७ असोज

बागलुङका काठेखोला गाउँपालिकाले गाउँगाउँमै पुगेर नागरिकलाई सेवा दिन थालेको छ । गाउँपालिकाले घुम्ती शिविरमार्फत योजना सम्झौता, अपाङ्गता परिचयपत्र वितरण र ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिरहेको छ ।

शिविरमा नसर्ने रोगको निःशुल्क स्वास्थ्य परीक्षण, आयुर्वेद स्वास्थ्य सेवा, कृषि एवं पशु सेवा, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवामा सहजीकरणसमेत गरिरहेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो । गाउँपालिकाले आठवटै वडामा पुगी घुम्ती शिविरमार्फत नागरिकलाई सेवा प्रदान गर्न थालिएको अध्यक्ष थापाको भनाइ छ । हालसम्म वडा नं १ देखि ४ सम्ममा शिविर सञ्चालन गर्दा पालिकाले चालू आर्थिक वर्षका विभिन्न ७० योजना सम्झौता गरिसकेको उहाँले बताउनुभयो । नागरिकलाई सहज सेवा र योजना कार्यान्वयनलाई प्रभावकारी बनाउनका लागि गाउँगाउँमा पुगेर शिविर सञ्चालन गरेको अध्यक्ष थापा बताउनुहुन्छ । "यसपाली हामीहरू दूरदराजसम्म पुगेर नागरिकलाई सहज सेवा दिउँ भन्ने हिसाबले लागेका छौँ, घुम्ती शिविरमा जनप्रतिनिधि मात्रै हुनुहुन्न, त्यहाँ कर्मचारी, स्वास्थ्यकर्मी, पशु तथा कृषि प्राविधिक पनि हुनुहुन्छ, गाउँघरमा हुने समस्या सोही स्थानबाटै समाधान गरौँ भन्ने लागेको छ", अध्यक्ष थापाले भन्नुभयो, "हाम्रो मुख्य उद्देश्य दसैँअगावै योजना सम्झौता गरिसक्ने हो, समयमै सम्झौता भयो भने समयमै योजना कार्यान्वयन गर्न पनि सघाउ पुर्‍याउँछ, यसले गुणस्तरीय काममा पनि सघाउ पुग्नेछ ।" वडा नं १ पालादेखि सुरु गरिएको शिविर वडा नं ८ लेखानीमा पुगेर सकिने उहाँको भनाइ छ । योजनाको प्रभावकारी कार्यान्वयन गराउने, पालिकाद्वारा हुने सेवा वडाबाटै उपलब्ध गराउने, सेवामा नागरिकको प्रभावकारी पहुँच बढाउने उद्देश्यका साथ एकीकृत घुम्ती शिविर गरिएको थापाले बताउनुभयो ।

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
२०२१ मंसिर १५ गते

स्वर्गारोहणः
२०८० असोज १८ गते

स्व. मीनु राजभण्डारी

हाम्रा आदरणीय मित्र पुर्व रामबजार पोखरा -१० निवासी हाल दिप हाउजीङ्ग दिप पोखरा -१६ घर नं ६१ निवासी रामबजार तायाः मचाः नाच समिति रामबजार १०/१५ का शुभचिन्तक सहयोगी सुन्दर कुमार राजभण्डारीका श्रीमती, समिर राजभण्डारीको ममतामयी माता **मीनु राजभण्डारी**को ५८ वर्षको उमेरमा भएको असमायीक स्वर्गारोहणले हामी राम बजारबासी अति मर्माहत भएका छौं । यस दुःखद घडीको आज ११औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोकसन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**सम्मर बहादुर श्रेष्ठ**
**अध्यक्ष एवं**
**रामबजार तायाः मचाः नाच समिति**
**रामबजार १०/१५ पोखरा परिवार**


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१